# सोलुदुधकुण्ड नगरपालिका

༄༅། །ཤོད་རོང་ཁོ་མའི་མཚོའི་གྲོང་རྡེ་སྤྱི་ཁྱབ་ལྷན་ཁང་།

सल्लेरी, सोलुखुम्बु

प्रदेश नं. १ नेपाल


प.सं. २०७६-७७

च.नं.

## प्रेस-विज्ञप्ति

**मिति २०७६ भाद्र २४ गते यस सोलुदुधकुण्ड नगरपालिकाका नगर प्रमुख श्री नाम्गेल जाङ्बु शेर्पाज्यूको अध्यक्षतामा नगरकार्यपालिका पदाधिकारीज्यूहरूको बैठक बसी देहाय बमोजिम निर्णय गरियो।**

१) प्रदेश नं. १ को आन्तरिक मामिला तथा कानून मान्त्रलयको मिति २०७६-०५-१६ को पत्रको वुदाँ नं. ८ अनुसार तपसिल बमोजिमको कार्यक्रम गरी संविधान दिवश मनाउने।

क) कार्यपालिका कार्यालय, वडा कार्यलय, सार्वजनिक स्थानहरुमा सरसफाई तथा साँझ दिपावली गर्ने।

ख) पालिका भित्रका शिक्षण संस्थाहरुमा संविधानका सवल पक्षहरु उजागर गर्ने खालका निवन्ध, कविता, वक्तृत्वकला, खेलकूदका प्रतियोगिताहरु गर्ने आवश्यक समन्वय गर्ने।

ग) सविधान दिवसका दिन राष्ट्रिय झण्डा प्रयोग सम्बन्धीको मापदण्डको अधिनमा रही सर्वसाधारण जनताको घर आँगनमा राष्ट्रिय झण्डा राख्न प्रोत्साहन गर्ने तथा आवश्यक समन्वय गर्ने गराउने।

२) नगरपालिका र जिल्ला समन्वय समितिको संयुक्त आयोजनामा संविधान दिवस समारोह मनाउने। उक्त कार्यक्रममा सहभागि हुन सवै कार्यपालिका सदस्यहरुलाई अनुरोध गर्ने। कार्यक्रममा खर्च हुने रकम व्यवस्थापन गर्न कार्यालयलाई निर्देशन दिने।

३) सोलुदुधकुण्ड नगरपालिकाको एम्बुलेन्स संचालन एवं व्यवस्थापनका लागि तर्जुमा गरिएको एम्बुलेन्स संचालन कार्यविधि २०७६ स्वीकृत गरी लागू गर्ने।

४) जिल्ला दररेटमा समावेश भएका दररेटहरु सोही बमोजिम उपयोगमा ल्याउने। जिल्ला दररेटमा समावेश नभएको / नतोकिएको दररेट देहाय बमोजिम कायम गरी नगरपालिका भित्र लागू गर्ने।

क) Earthen road मा परेका खाल्टाहरुमा filling गर्नका लागि प्रयोग गरिने प्रशोधन नगरिएको river gravel materials हरुमा ५ कि.मि. भित्र load/unload गरी खाल्टाहरुमा लगाई compaction समेत गर्ने कार्यको लागि प्रति घ.मि. रु. ६५०।०० कायम गर्ने।

ख) अन्यको हकमा देहाय बमोजिमको दररेट कायम गर्ने।

| | |
|---|---|
| १) पेट्रोल :- | बजार दर अनुसार |
| २) डिजेल :- | बजार दर अनुसार |
| ३) Mixer :- | रु. ४३०।०० प्रति घण्टा |
| ४) Vibrator :- | रु. ४३०।०० प्रति घण्टा |
| ५) Roller :- | रु. ५००।०० प्रति घण्टा |


Ph. No- 038-520264 Fax No- 038-520248 Website- www.solududhkundamun.gov.np Email- solududhkundamun@gmail.com

६) Back Loader :- रु. ३५००।०० प्रति घण्टा

७) Excavator - Bucket :- रु. ६०००।०० प्रति घण्टा

८) Excavator - Breaker :- रु. ७५००।०० प्रति घण्टा

५) नगरपालिकाको वडा नं. ७ गार्मा स्थित ल्याण्डफिल्ड साईटलाई स्रोत केन्द्रको रुपमा विकास गरी स्तरोन्नती गर्नु पर्ने भएकोले वर्तमान जग्गाको क्षेत्रफल कम हुने हुदाँ ल्याण्डफिल्ड साईटसंग जोडिएको एवं पायक पर्ने कि.नं. १०७५ को १५६१.१२ वर्गमिटर जमिन खरिद गर्ने ।

६) नगरपालिका भित्रका भुस्याहा कुकुर (ईच्छुक भएमा घर पालुवा समेत ) हरुको बन्ध्याकरण गरी नियन्त्रण गर्ने ।

७) मिति २०७६ असोज ५ गतेको संयुक्त कार्यक्रमबाट सोलुखुम्बु जिल्ला र सोलुदुधकुण्ड नगरपालिकालाई खुल्ला दिसामुक्त क्षेत्र (Open Defecation Free Zone) घोषणा गर्ने ।

८) राष्ट्रिय अभियान पर्यटन वर्ष २०२० लाई सफल बनाउन वडा नं. ७ निवासी श्री ङिमा शेर्पाको संयोजकत्वमा २१ सदसीय नगर पर्यटन समिति गठन गर्ने ।

९) यहि भाद्र २९ गते राष्ट्रिय बालदिवस मनाउन सबै वडा कार्यालय, अन्य सम्बद्ध निकाय तथा विद्यालयहरुमा परिपत्र गर्ने ।

१०) असहाय वाल संरक्षणका लागि साझेदारीमा भवन निर्माण र सञ्चालनका लागि लागत सहभागिता सहितको प्रस्ताव माग गर्ने ।

११) उद्योग ग्राम स्थापना गर्नका लागि आवश्यक पर्ने जग्गा जमिन नि:शूल्क उपलब्ध गराउन कुनै व्यक्ति वा संस्थाले चाहेमा नि:शूल्क रजिष्ट्रेसन पास गर्न सम्बन्धित निकायमा सिफारिस गर्ने ।

१२) एकिकृत शहरी विकास आयोजना अन्तर्गत छनौट भएको परामर्शदाताबाट पेश गरेका नगरका आयोजनाहरु मध्ये देहायका आयोजनाहरुलाई नगरस्तरीय गौरवका आयोजनाका रुपमा छनौट गर्ने ।

क) पत्ताले पार्क निर्माण ।

ख) सल्लेरी – सिलगुडी डाँडा सडक, फाप्लु – रातनाङ्गे डाँडा सडक र सल्लेरी – पिके सडक स्तरोन्नती ।

१३) जनता आवास कार्यविधि २०७५ बमोजिमको आधार अनुसरण गरी लाभग्राही छनौट गरी सिफारिस गर्ने ।

१४) वाङ्छु मेमोरियल हस्पिटलको पहिरो नियन्त्रणका लागि लागत ईस्टिमेट तथा वडाको सिफारिसको आधारमा समपूरक कोषबाट रु. ५००,०००।०० वडा कार्यालयलाई उपलब्ध गराउने ।

प्रमुख

# सोलुदुधकुण्ड नगरपालिका

༧༩། །སོད་རོང་ཝོ་ས་བ་ཞ་མཚོའི་གྲོང་རྩེ་སྤྱི་ཁྲུལ་ལྷན་ཁང་།

**सल्लेरी, सोलुखुम्बु**

**प्रदेश नं. १ नेपाल**

प.सं. २०७६-७७

च.नं.


१५) सोलुदुधकुण्ड नगरपालिका भित्र रहेका पहिरोको जोखिम युक्त स्थानहरुको पहिचान गर्न भौगर्भिक अध्ययन गराउनका लागि प्रदेश सरकार र संघीय सरकार समक्ष अनुरोध गर्ने । साथै यस सम्बन्धमा नगरपालिकामा प्राप्त भएका माग/निवेदनहरुको प्राविधिक शाखा मार्फत तत्कालै लागत ईस्टिमेट गरी पेश गर्न निर्देशन दिने ।

१६) नगरपालिकाबाट सम्पादन हुने कार्यक्रमहरुलाई लक्ष्य अनुसार परिणाममुखी बनाउन नगर-प्रमुख र प्रमुख प्रशासकीय अधिकृत बीच कार्य सम्पादन सम्झौता (Performance Contract) गर्ने । प्रमुख प्रशासकीय अधिकृत र विषय क्षेत्रगत शाखा प्रमुख एवं प्रधानाध्यापकहरुसंग समेत कार्य सम्पादन करार (Performance Contract) गर्ने व्यवस्था लागू गर्ने ।

१७) नगरपालिकाको वडा नं. ७ गार्मा स्थित ल्याण्डफिल्ड साईटलाई स्रोत केन्द्रको रुपमा विकास गरी स्तरोन्नती गर्नु पर्ने भएकोले वर्तमान जग्गाको क्षेत्रफल कम हुने हुदाँ ल्याण्डफिल्ड साईटसंग जोडिएको एवं पायक पर्ने कि.नं. १०७५ को १५६१.१२ वर्गमिटर जमिन खरिद गर्ने ।

१८) यस अघि सडकको क्षेत्राधिकार (ROW) तोकिएका सडकहरुको लगत कट्टा गरी नगरपालिकाको स्वामित्त्वमा ल्याउने । निम्न नयाँ सडकहरुको क्षेत्राधिकार (ROW) देहाय वमोजिम तोकि लगत कट्टा गर्ने र नगरपालिकाको स्वामित्त्वमा ल्याउने ।

| सि. नं. | वडा नं. | सडकको नाम | सडकको वर्गीकरण | सम्बन्धित वडाहरु | क्षेत्रधिकार | फासल |
|---|---|---|---|---|---|---|
| १ | १ | नूनथला- होङचौर- ठेकचौर- होरसिंहा- | टोल सडक | १ | ३ मिटर | २ मिटर |
| २ | २ | जम्बुक- फेरा- बेनी सडक | टोल सडक | २ | ४ मिटर | २ मिटर |
| ३ | २ | जुनवेशी-सेर्लो-टाक्टोर | टोल सडक | २ | ४ मिटर | २ मिटर |
| ४ | ४ | बोल्दोक-लुरा-ग्यामडाँडा सडक | टोल सडक | ४ | ३ मिटर | २ मिटर |
| ५ | ५ | आरुबोट - रोशी सडक | टोल सडक | ५ | ३ मिटर | २ मिटर |
| ६ | ६ | छितोक - सिलगुडी सडक | टोल सडक | ६ | ४ मिटर | २ मिटर |
| ७ | ७ | च्याल्सा - सिलगुडी सडक | वडा / पर्यटन सडक | ६ र ७ | ४ मिटर | २ मिटर |
| ८ | ७ | च्याल्सा-थल्लेरी सडक | टोल सडक | ७ | ४ मिटर | २ मिटर |
| ९ | ८ | बागम-केरुङ सडक | टोल सडक | ८ | ३ मिटर | २ मिटर |
| १० | ८ | मेराङदिङ - घुन्सा सडक | टोल सडक | ८ | ४ मिटर | २ मिटर |
| ११ | ९ | गोराखानी – दिम्सेस सडक | टोल सडक | ९ | ४ मिटर | २ मिटर |


Ph. No- 038-520264 Fax No- 038-520248 Website- www.solududhkundamun.gov.np Email- solududhkundamun@gmail.com


"निजामती कर्मचारीको प्रतिवद्धता : पारदर्शिता र चुस्तता"

# सोलुदुधकुण्ड नगरपालिका

༄༅། །ཤར་ཁུམ་ཁུལ་གྱི་ཐར་བཟང་ཨོ་རྒྱན་ཆོས་ཚོགས་ཀྱི་མཐུན་ཚོགས།

सल्लेरी, सोलुखुम्बु

प्रदेश नं. १ नेपाल


प.सं. २०७६-७७

च.नं.

| | | | | | | |
|---|---|---|---|---|---|---|
| १२ | ९ | लाप्चाफेदी खोप केन्द्र सडक | टोल सडक | ९ | ३ मिटर | २ मिटर |
| १३ | ११ | बेलीडाँडा – साल्मे सडक | टोल सडक | ११ | ४ मिटर | २ मिटर |
| १४ | ११ | तिङला दलित वस्ती सडक | टोल सडक | ११ | ४ मिटर | २ मिटर |

१९) क्षेत्राधिकार (ROW) तोकिएका सडकहरुको लगत कट्टा गरी नगरपालिकाको स्वामित्वमा ल्याउने कार्य गर्ने प्रयोजनका लागि वडास्तरमा निम्न बमोजिमको समिति गठन गर्ने ।

क) सम्बन्धित वडाको वडाध्यक्ष - संयोजक

ख) खटिएको स.ई. / अ.स.ई - सदस्य

ग) अमिन - सदस्य

घ) वडा सचिव - सदस्य सचिव

२०) नगरपालिकाद्वारा तयार पारिएको अभिलेखीकरण पुस्तिकामा समावेश भएका नर्म्स / मापदण्ड तथा ढाँचा स्वीकृत गरी सोही बमोजिम अभिलेखीकरण प्रक्रिया शुरु गर्ने ।

२१) वडा नं. ५ स्थित दलित छात्रबास अगाडिको खोल्सीले बाटोमा पुर्याएको क्षति सम्बन्धमा प्राविधिक इस्टिमेट गराई सो बमोजिम मर्मत गर्ने ।

२२) सालाबेशी खोलामा प्रस्तावित वेलीब्रिजको ठाँउमा कल्भर्ट निर्माण गर्न लागत ईस्टिमेट तयार गरी पेश गर्ने ।

२३) ईदिङखोलामा प्रस्तावित वेलीब्रिजको ठाँउमा रोशीखोलाको पुलको स्टिल पार्टस् सारी जडान गर्ने गरी कार्यक्रम संशोधन स्वीकृत गर्ने ।

२४) हावा हुरी तथा भालुको प्रकोपबाट मकैबाली क्षति पुगेका किसानहरुको लागि मकैबाली लगाउन आवश्यक मकैको विउ विजन वितरण गर्ने ।

.............................

शारदामाया तामाङ

नगर प्रवक्ता

प्रवक्ता